# डिप्लोमा इञ्जिनियर्स एशोसिएसन, नेपाल (डिन)

# विधान-२०३७

## (विधान सभा २०७३ बाट संशोधन)

**प्रस्तावना**

आजको वैज्ञानिक युगमा निर्माण नै बिकासको मेरुदण्ड हुन पुगेको छ । हाम्रो देशमा निर्माण तथा बिकास कार्यलाई आधुनिकीकरणको साथ अगाडि बढाउनको लागि इञ्जिनियरिङ्ग सेवालाई सरल, प्रभावकारी, व्यवहारिक एवं सुलभ तुल्याउन आवश्यक देखिएको छ । इञ्जिनियरिङ्ग सेवामा कार्यरत प्राविधिकहरुमा नैतिकता, दक्षता, निष्पक्षता, लगनशीलता, इमान्दारिता र देशभक्तिको भावना जागृत गराउनुको साथै पेशागत हकहितको बिकास, सुरक्षा र सम्बर्द्धन गर्दै राष्ट्र निर्माणमा सक्रियता ल्याउन सुसंगठित रुपले क्रियाशील हुनुपर्ने आवश्यकता देखिएकोले इञ्जिनियरिङ्ग प्राविधिकहरुको प्रतिनिधिमूलक साझा र स्वतन्त्र नाफा रहित पेशागत संगठनको रुपमा डिप्लोमा इञ्जिनियर्स एशोसिएसन, नेपाल को स्थापना भएको हो ।

# परिच्छेद-१

**दफा १.१ नाम :**

यस संगठनको नाम नेपालीमा डिप्लोमा इञ्जिनियर्स एशोसिएसन, नेपाल र अंग्रेजीमा **Diploma Engineers Association, Nepal** हुनेछ । छोटकरीमा नेपालीमा र अंग्रेजीमा क्रमशः (डिन) र (DEAN) हुनेछ ।

**दफा १.२ प्रारम्भ :**

यो विधान पारित भएको मितिदेखि यस एशोसिएसन मातहतका सम्पूर्ण निकायहरु र सदस्यहरुमा लागू हुनेछ ।

**दफा १.३ कार्यालय :**

यस एशोसिएसनको केन्द्रीय समितिको कार्यालय काठमाण्डौ जिल्ला भित्र केन्द्रीय समितिले तोकेको ठाउँमा र अन्य समितिको कार्यालय सम्बन्धित समितिले तोकेको स्थानमा रहने छ ।

**दफा १.४ विशेष चिन्ह र प्रतीक :**

(क) यस एशोसिएसनको विशेष चिन्ह (Monogram) अनुसूची १ अनुसार हुनेछ ।

(ख) यस एशोसिएसनको प्रतीक अनुसूची २ अनुसार हुनेछ ।

**दफा १.५ परिभाषा :**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :**

(क) डिप्लोमा इञ्जिनियर भन्नाले इञ्जिनियरिङ्ग विषयमा डिप्लोमा, सर्टिफिकेट,प्राविधिक एस.एल.सी. वा सो सरहको परिक्षा उतिर्ण गरको व्यक्ति वा सो सरहको परिक्षा उतिर्ण गरी सवैधानिक अंग/निकाय, नेपाल सरकारको मन्त्रालय, विभाग, कार्यालय, समिति, संघ/ संस्था वा सरकारी एवं गैर सरकारी संस्थाका साथै निजी क्षेत्रमा संलग्न व्यक्तिलाई जनाउँदछ ।

(ख) एशोसिएसन भन्नाले डिप्लोमा इञ्जिनियर्स एशोसिएसन, नेपाल (डिन) भन्ने बुझ्िनेछ ।

(ग) विधान भन्नाले डिप्लोमा इञ्जिनियर्स एशोसिएसन, नेपाल (डिन) को विधानलाई जनाउने छ ।

(घ) नियम भन्नाले विधान अन्तर्गत बनेका नियमहरुलाई जनाउनेछ ।

(ङ) सवैधानिक अंग/निकाय भन्नाले नेपालको संविधानले व्यवस्था गरेको सवैधानिक अंग वा निकाय भनी स्पष्ट उल्लेख भएको सवैधानिक अंग वा निकायलाई जनाउने छ ।

(च) मन्त्रालय भन्नाले नेपाल सरकारको कार्य विभाजन नियमावलीमा तोकिएको मन्त्रालय र केन्द्रीयस्तरको सचिवालयहरुलाई समेत जनाउने छ ।

(छ) विभाग भन्नाले नेपाल सरकारको विभाग भनी तोकेको कार्यालयलाई जनाउने छ ।

(ज) कार्यालय भन्नाले नेपाल सरकारले छुट्टै अस्तित्व कायम रहने गरी स्थापना गरेको कार्यालयलाई जनाउने छ ।

(झ) समिति भन्नाले नेपाल सरकारले छुट्टै अस्तित्व कायम रहने गरी स्थापना गरेको समितिलाई जनाउने छ ।

(ञ) संस्थान भन्नाले नेपाल सरकारको संग्लग्नतामा स्थापना भएको संस्थालाई जनाउने छ ।

(ट) निजी क्षेत्र भन्नाले नेपाल सरकारको संग्लग्नतामा वाहेक स्थापना भएको संघ संस्था, प्राविधिक परामर्श सेवा, निर्माण व्यवसायी, ट्रष्ट, एन.जि.ओ वा आई. एन.जि.ओ. समेतलाई जनाउने छ ।

(ठ) सदस्य भन्नाले कार्यसमितिका पदाधिकारी वाहेकका सदस्यहरुलाई जनाउने छ ।

(ड) कार्यसमिति भन्नाले डिनको प्रारम्भिक समिति, जिल्ला समिति, विभागीय समिति, प्रदेश समिति र केन्द्रीय समिति समेतलाई जनाउने छ ।

(ढ) सभा भन्नाले डिनको प्रारम्भिक सभा, जिल्ला सभा, विभागीय सभा, प्रादेशिक सभा र केन्द्रीय सभा समेतलाई जनाउने छ ।

(ण) अधिवेशन भन्नाले डिनको प्रारम्भिक, जिल्ला, विभागीय, प्रादेशिक र केन्द्रीय अधिवेशन, विशेष अधिवेशन समेतलाई जनाउने छ ।

(त) तोकिएको वा ताकिए बमोजिम भन्नाले यस विधान वा विधानको अधिनमा रही बनाएको नियममा तोकिएको वा ताकिएबमोजिम जनाउने छ ।

(थ) पदाधिकारी भन्नाले डिनको समितिका सदस्यहरु बाहेक कार्यसमितिका अन्य पदहरुलाई जनाउने छ ।

(द) समावेशी भन्नाले महिला, आदिवासी, जनजाती, मधेशी, दलित, अपाङ्गता भएका व्यक्ती, अल्प संख्यक, थारु, मुस्लीम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक उत्पीडित वर्ग, पिछिडिएको क्षेत्रका डिनका सदस्यलाई जनाउने छ ।

(ध) अपाङ्गता भएका व्यक्ती भन्नाले नेपाल सरकारबाट परिचय पत्र प्राप्त गरेका फरक शारिरीक क्षमता भएका व्यक्ती/डिनका सदस्यलाई जनाउने छ ।

**दफा १.६ कार्यक्षेत्र :** यस एसोशिएसनको कार्यक्षेत्र नेपाल देश भित्र हुने छ ।

# परिच्छेद-२

**दफा २.१ उद्देश्य :**

(क) देशभरिका इञ्जिनियरिङ्ग प्राविधिकहरुको हकहित प्राप्ति तथा संरक्षणका लागि प्रयत्नशील रहने ।

(ख) सस्तो, सुलभ, वैज्ञानिक प्रविधि बिकासको लागि प्रयत्नशील रहने ।

(ग) देशभित्र यत्रतत्र छरिई रहेका उच्च, मध्यम तथा निम्न स्तरीय इञ्जिनियरिङ्ग सेवाका प्राविधिकहरु बीच सुमधुर सम्बन्ध कायम राख्दै राष्ट्र निर्माणको कार्यमा गतिशिलता ल्याउन प्रयत्नशील रहने ।

(घ) प्राविधिकहरुमा देशभक्तिको भावना ल्याउँदै नेपाली राष्ट्रियता सार्वभौमिकता राष्ट्रिय अखण्डता तथा लोकतान्त्रिक गणतन्त्रको संरक्षण गर्न कटिबद्ध रहने ।

(ङ) इञ्जिनियरिङ्ग सम्बन्धि ज्ञानमा अनुसन्धानात्मक बिकास गर्ने र प्राविधिकहरुको चौतर्फी बिकास गर्न आवश्यक पर्ने सबै किसिमका सुविधाहरु उपलब्ध गराउन प्रयत्नशील रहने ।

(च) प्राविधिकहरुलाई कर्तव्यनिष्ठ बनाउन सचेत रहने ।

(छ) देश विदेशका सम्बन्धित संघ संस्था बीच सम्बन्ध विस्तार गरी यस क्षेत्रका ज्ञान र सीपको आदानप्रदान गर्न प्रयत्नशील रहने ।

(ज) पेशागत हकहित संरक्षण र सम्बर्द्धनका लागि आवश्यक रचनात्मक कार्यहरु गर्ने ।

(झ) तालिम, सेमिनार, कार्यशाला, गोष्ठी गरी सदस्यहरुको क्षमता अभिवृद्धिमा जोड दिने ।

(ञ) सदस्यहरुलाई उच्च शिक्षा अध्ययनको अवसर प्रदान गर्न प्रयत्नशील रहने ।

(ट) सार्क डिप्लोमा इञ्जिनियर्स फोरम र मिड लेभल इञ्जिनियर्स फोरम अफ एसिया प्यासिफिक लगायतका पेशागत संस्थासंग आवद्धता साथ क्रियाशिल रहि संस्थागत विकासमा जोड दिने ।

(ठ) सामाजिक तथा पेशागत सेवा प्रदान गर्ने ।

# परिच्छेद-३

**दफा ३.१ सदस्यता :**

यो विधानलाई निशर्त स्वीकार गर्ने इञ्जिनियरिङ्ग सेवामा संलग्न निम्न योग्यता पुगेको कुनै पनि प्राविधिकहरुलाई दफा ३.२ र ३.३ मा उल्लेख भए अनुसारको शुल्क बुझाएमा प्रारम्भीक, साधारण, आजिवन सदस्यता दिईनेछ । प्रारम्भीक र साधारण सदस्यता जिल्ला/बिभागीय/प्रदेश समितिबाट र आजीवन सदस्यता केन्द्रीय समितिबाट दिईने छ ।

(क) प्रारम्भिक सदस्य

(ख) साधारण सदस्य

(ग) आजीवन सदस्य

(घ) मानार्थ सदस्य

**दफा ३.१.१ सदस्यताको योग्यता :**

(क) नेपाली नागरिक भएको हुनुपर्ने ।

(ख) नेपाल सरकार बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट इञ्जिनियरिङ्ग विषयमा डिप्लोमा वा सर्टिफिकेट तह वा सो सरहको परिक्षा उर्तिण गरेको हुनुपर्ने ।

(ग) प्राविधिक एस.एल.सी. वा सो सरहको इञ्जिनियरिङ्ग विषयमा कम्तीमा १५ महिना तालीम प्राप्त गरी सरकारी वा गैर सरकारी क्षेत्रमा कम्तीमा रा.प.अनं. द्वितीय (प्रा) श्रेणीमा कम्तीमा २ वर्षको अनुभव भएको हुनुपर्ने ।

(घ) नेपाल ओभरसियर्स एशोसिएसन र नेटाको विधान अन्तर्गत प्राप्त सदस्यतालाई यसै विधान अन्तर्गत सदस्यता प्राप्त भएको मानिनेछ ।

(ङ) प्रारम्भीक सदस्य हुनको लागी कम्तीमा २ सेमेष्टर इञ्जिनियरिङ विषयमा डिप्लोमा अध्ययन गरेको वा प्राविधिक एस.एल.सी. वा सो सरहको इञ्जिनियरिङ्ग विषयमा कम्तीमा १५ महिना तालीम प्राप्त हुनु पर्नेछ ।

**दफा ३.२ सदस्यता शुल्क :**

(क) प्रारम्भीक सदस्य प्रवेश शुल्क : रु. १००। , वार्षीक शुल्क रु. ५०।

(ख) साधारण सदस्य प्रवेश शुल्क : रु. ३००।–, वार्षिक शुल्क : रु. १००।–

**दफा ३.३ आजीवन सदस्यता :**

आजीवन सदस्यता शुल्क रु. ३०००।– लाग्नेछ, तर आजीवन सदस्यता साधारण सदस्यता लिईसकेको १ वर्षपछि मात्र प्राप्त गर्न सकिनेछ ।

**दफा ३.४ मानार्थ सदस्य :**

इञ्जिनियरिङ्ग क्षेत्रमा अध्ययन, अनुसन्धान र विकासमा विशेष योगदान पुऱ्याउने प्रतिष्ठित स्वदेशी व्यक्ति वा संघ/संस्थालाई केन्द्रीय समितिले निर्णय गरी मानार्थ सदस्यता दिन सक्नेछ । मानार्थ सदस्यहरु राष्ट्रिय सम्मेलनमा पर्यवेक्षकको रुपमा भाग लिन सक्नेछन् ।

**दफा ३.५ सदस्यता नवीकरण :**

एशोसिएसनको प्रारम्भीक/साधारण सदस्यले प्रत्येक वर्षको बैशाख १ गतेदेखि चैत्र मसान्तसम्म सम्बन्धित जिल्ला/विभागिय/प्रदेश/केन्द्रीय समितिमा वार्षिक शुल्क बुझाई सदस्यता नवीकरण गराई सक्नुपर्नेछ । तर आजीवन सदस्यको हकमा सदस्यता नवीकरण गराउनु पर्ने छैन ।

**दफा ३.६ सदस्यताको समाप्ति :**

(क) सदस्यको मृत्य भएमा,

(ख) लिखित रुपमा सदस्यता परित्याग गरी केन्द्रीय समितिले स्वीकृत गरेमा,

(ग) सदस्यताको खारेजी गर्ने अधिकार जिल्ला/विभागिय/प्रदेश समितिको सिफारिशमा केन्द्रीय समितिलाई मात्र हुनेछ ।

(घ) एशोसिएसनको उद्देश्य विपरीत क्रियाकलाप गरेमा वा विधानको दफा ३.१.१ अनुसारको कुनै सदस्यले आचरण पालना नगरेको व्यहोराको लिखित जानकारी केन्द्रीय समितिमा पेश भई अनुशासन समितिको सिफारीस भएमा र केन्द्रीय समितिको बहुमतले पारित भएमा । तर दफा ३.६ (ग) मा जेसुकै लेखिएको भएता पनि निजलाई सफाई दिने उचित अवसर दिईनेछ । केन्द्रीय समितिको हकमा केन्द्रीय समितिको निर्णय अन्तिम हुनेछ ।

**दफा ३.७ सदस्यताको आचरण**

(क) डिनको निर्णयहरुको पालना गर्नु पर्ने ।

(ख) डिनको गोपनियता भङ्ग गर्न नहुने ।

(ग) डिनको हित र उदेश्य विपरित काम कारबाही गर्न नहुने ।

(घ) डिनको संवर्द्धन, सुदृढीकरण र उद्देश्य प्राप्तीमा निरन्तर सक्रिय रहनु पर्ने ।

(ङ) डिनको कुनै समितिको पदाधिकारीले डिनको तर्फबाट सहभागी हुने कुनै सभा, बैठक आदिमा प्रतिनिधित्व गर्दा अनुकरणीय आचरण प्रस्तुत गर्नु पर्ने ।

(च) विधान तथा केन्द्रीय समितिको निर्णय एवं नीति/निर्देशनहरुको पालना गर्नु पर्ने ।

(छ) डिनको उद्देश्य र भावनाको प्रतिकुल हुने गरी प्रकाशन, प्रसारण गर्न पाइने छैन ।

**दफा ३.८ आचरण विरुद्धको कारवाही :**

क) डिनको कुनै सदस्यले उपदफा ३.७ बमोजिमको आचरण पालन नगरेको भन्ने कुनै सदस्यबाट लिखित उजूरी प्राप्त भएमा सम्बिन्धित समितिले सो सम्बन्धमा जाँचबुझ गर्न सक्ने छ । सो लिखित उजूरी र सम्बन्धित समितिको लिखित जाँचबुझ प्रतिवेदन अनुशासन समितिमा पठाउनु पर्ने छ । यसरी प्राप्त उजूरी उपर थप जाँचबुझ अनुशासन समितिले गर्नु पर्ने छ र दोषी भए, नभएको प्रतिवेदन केन्द्रीय समितिमा पठाउनु पर्नेछ । यसरी जाँचबूझ गर्दा निजको आचरण सन्तोषजनक भएको नपाइएमा केन्द्रीय समितिको बहुमतले पारित गरी निजलाई

स्पष्टीकरण,चेतावनी,नसिहत,निलम्बन, वा विधानको दफा ३.६ अनुसारको कारवाही गर्न सकिनेछ । तर आरोप लागेको व्यक्तिलाई सफाइ पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

# परिच्छेद-४

## सांगठनिक स्वरूप

**दफा ४.१** एशोसिएसनको सांगठनिक स्वरुप निम्न बमोजिम हुनेछ :

**दफा ४.१.१** प्रारम्भिक समिति

**दफा ४.१.२** प्रारम्भिक सभा

**दफा ४.२.१** जिल्ला/प्रदेश विभागीय समिति

**दफा ४.२.२** जिल्ला/प्रदेश विभागीय सभा

**दफा ४.३.१** प्रदेश समिति

**दफा ४.३.२** प्रदेश सभा

**दफा ४.४.१** केन्द्रीय समिति

**दफा ४.४.२** केन्द्रीय सभा

**दफा ४.४.३** राष्ट्रिय सम्मेलन

**दफा ४.५.१** सार्क डिप्लोमा ईन्जिनियर्स फोरमको बैठक एवं सम्मेलन

**दफा ४.६.** समितिहरु

**दफा ४.६.१** शैक्षिक अध्ययन समिति

**दफा ४.६.२** लेखा समिति

**दफा ४.६.३** अनुशासन समिति

**दफा ४.६.४** निर्वाचन समिति

**दफा ४.६.५** प्राविधिक समिति

**दफा ४.६.६** सदस्य सुरक्षा कोष व्यवस्थापन समिति

(क) विभागिय समिति/जिल्ला समिति

२० जना भन्दा वढी सदस्यता भएमा मात्र विभागीय समिति गठन हुनेछ । जल्ला समिति नभएको जिल्लामा विशेष जिल्ला इकाई (वि.जि.इ.) लाई जिल्ला समिति मानिनेछ ।

(ख) प्रारम्भीक समिति

१० जना भन्दा बढी सदस्य संख्या भएको कार्यालयमा जिल्ला अधिनस्थ कार्यालय इकाई खोल्न सकिनेछ ।

(ग) शैक्षीक अध्ययन समिति

३० जना भन्दा बढी सदस्य संख्या अध्ययनरत शैक्षिक संस्थामा जिल्ला अधिनस्थ शैक्षिक अध्ययन समिति खोल्न सकिनेछ ।

(घ) सल्लाहाकार समिति

एशोसिएसन लाई विशेष योगदान दिने पूर्व केन्द्रीय समितिका पदाधिकारीहरुहरु मध्येबाट केन्द्रीय समितिको वैठकले बढीमा ९ जना सम्मको सल्लाहाकार समिति मनोनयन गर्नेछ ।

(ङ) लेखा समिति

एशोसिएसनको आर्थिक गतीविधी लाई पारदर्शी र व्यवस्थित वनाउन संयोजक सहित ३ जनाको लेखा समिति राष्ट्रिय सम्मेलनबाट चयन हुनेछ । राष्ट्रिय सम्मेलनमा मनोनयन नपरेमा केन्द्रीय समितिबाट चयन हुनेछ ।

(च) अनुशासन समिति

एशोसिएसनको सदस्यहरुलाई अनुशासित र मर्यादीत वनाउन संयोजक सहित ३ जनाको अनुशासन समिति केन्द्रीय समितिवाट चयन हुनेछ ।

# परिच्छेद-५

**दफा ५.१ शैक्षिक अध्ययन समिति गठन :**

(क) शैक्षिक अध्ययन समिति दफा ३.१ को (क) मा उल्लेखित सदस्यहरु मध्येबाट कम्तीमा ५ देखि १३ जना सम्मको जिल्ला अधिनस्थ एउटा शैक्षिक संस्थामा एक वटा शैक्षिक अध्ययन समिति गठन गर्न सकिनेछ

(ख) शैक्षिक अध्ययन समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरु रहने छन् ।

**दफा ५.२ शैक्षिक अध्ययन समितिको काम, कर्तव्य र अधिकार :**

(क) केन्द्रीय समिति, क्षेत्रीय समिति र जिल्ला/विभागिय समितिले दिएको नीति निर्देशनहरु पालन गर्ने ।

(ख) अल्पकालिन योजना तयार गर्ने र जिल्ला/विभागिय समितिलाई जानकारी दिई कार्यान्वयन गर्ने तथा दीर्घकालीन योजना तयार गर्ने र जिल्ला समिति, क्षेत्रीय समिति तथा केन्द्रीय समितिको सहकार्यमा लागू गर्ने ।

(ग) वर्षमा १ पटक सम्मेलन गरी पदाधिकारी र सदस्यहरुको चयन गर्ने ।

(घ) डिनको उद्धेश्य प्राप्तीको लागी छलफल/अर्न्तक्रिया कार्यक्रम सञ्चालन गर्ने र अधिकार प्राप्तीको लागी प्रयत्नसिल रहने ।

**दफा ५.३ प्रारम्भिक सभा**

१० जना भन्दा वढी सदस्यता भएमा मात्र प्रत्येक मन्त्रालय, विभाग, केन्द्रीय स्तरको कार्यालय, सवैधानिक अंग/निकाय,आयोग, प्रादेशिक तहका कार्यालय, स्थानीय तह, कार्यालय, जिल्ला स्तरीय कार्यालयमा, डिनको सदस्यता प्राप्त सदस्यहरु भएको एक प्रारम्भिक सभा हुनेछ ।

**दफा ५.४ प्रारम्भिक समिति**

(क) प्रारम्भिक समितिको गठन दफा ३.१ को (क) र (ख) मा उल्लेखित सदस्यहरु मध्येबाट कम्तीमा ५ देखि ९ जना सम्मको जिल्ला अधिनस्थ प्रारम्भिक समिति गठन गर्न सकिने छ ।

(ख) प्रारम्भिक समितिमा निम्नानुसारको समिति गठन गर्नेछन्, जसमा कम्तिमा १ जना महिला हुनु पर्नेछ र २ सदस्य मनोनित गर्न सक्ने छन् ।

अध्यक्ष- १, उपाध्यक्ष- १ , सचिव- १, कोषाध्यक्ष- १, सदस्य-५

**दफा ५.५ प्रारम्भिक समितिको काम, कर्तव्य र अधिकार :**

(क) केन्द्रीय समिति, प्रादेशीक समिति र जिल्ला/विभागिय समितिले दिएको नीति निर्देशनहरु पालन गर्ने ।

(ख) अल्पकालिन योजना तयार गर्ने र जिल्ला/विभागिय समितिलाई जानकारी दिई कार्यान्वयन गर्ने तथा दीर्घकालीन योजना तयार गर्ने र केन्द्रीय समिति, प्रादेशीक समिति र जिल्ला/विभागिय समितिको सहकार्यमा लागू गर्ने ।

(ग) प्रत्येक २ वर्षमा सम्मेलन गरी पदाधिकारी र सदस्यहरुको चयन गर्ने ।

**दफा ५.६ जिल्ला/विभागिय समितिको गठन :**

(क) जिल्ला/विभागमा कार्यरत एशोसिएसनको सदस्यता प्राप्त इञ्जिनियरिङ्ग प्राविधिकहरुको उपस्थितिमा जिल्ला/विभागिय सम्मेलन गरी त्यसबाट ७ देखि १३ जना सम्मको समितिको गठन हुनेछ ।

(ख) मन्त्रालय स्तरको विभागिय समिति गठन गर्न सकिनेछ ।

(ग) कुनै जिल्लामा एशोसिएसनको सदस्यता प्राप्त ७ जना भन्दा कम सदस्यहरु रहेको अवस्थामा ५ जना सम्मको विशेष जिल्ला इकाई (वि.जि.इ ) गठन गर्न सकिनेछ ।

(घ) जिल्ला/विभागिय समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष र सदस्यहरु रहने छन् तर विशेष जिल्ला इकाईमा अध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्य रहने छन् ।

(ङ) महिला सदस्य रहेको जिल्ला/विभागीय समितिमा अनिवार्य रुपमा महिला रहेको हुनुपर्नेछ ।

(च) जिल्ला समितिमा शैक्षिक अध्ययन समितिको अध्यक्ष आमन्त्रीत सदस्यको रुपमा रहने छन ।

(छ) जिल्ला अधिवेसनमा शैक्षीक अध्ययन समिति वाट अध्यक्ष सहित ३ जनाले पर्यवेक्षकको रुपमा सहभागी हुन पाउने छन ।

**दफा ५.७ जिल्ला/विभागिय समितिको काम, कर्तव्य र अधिकार :**

(क) केन्द्रीय समिति र प्रदेश समितिले दिएको नीति निर्देशनहरु पालना गर्ने ।

(ख) अल्पकालिन योजना तयार गरी प्रदेश समिति तथा केन्द्रीय समितिलाई जानकारी दिई कार्यान्वयन गर्ने तथा दीर्घकालीन योजना तयार गरी प्रदेश समितिको स्वीकृतिमा लागू गर्ने ।

***द्रष्टव्य : अल्पकालीन योजना भन्नाले ६ महिना भित्र सम्पन्न गर्न सकिने योजना वा कार्यक्रम भन्ने सम्झनु वा बुझ्नु पर्नेछ ।***

(ग) यस एशोसिएसनको विधान विपरीत आचरण गर्ने, संगठनको अस्तित्वलाई नै धमिल्याउने तथा संगठनको घोषित कार्यक्रम विपरीत आचरण गरी संगठन विपरीत क्रियाकलापमा संलग्न सदस्य उपर चेतावनी दिने, निलम्बन गर्ने र सदस्यता खारेज गर्नुपर्ने अवस्थामा प्रदेश समिति तथा केन्द्रीय समिति समक्ष आधार र कारण खोली प्रस्ताव पेश गर्ने ।

(घ) यस विधानमा तोकिएको अधिकार र कर्तव्य पालन गर्ने, गराउने ।

(ङ) शैक्षिक संस्थामा अध्ययनरत/जिल्लामा/विभागमा कार्यरत इञ्जिनियरिङ्ग प्राविधिकहरु बिच दरिलो एकता कायम गरी सदस्यहरुको समस्या समाधान गर्न प्रयत्नशील रहने ।

(च) यस विधान तथा विधान अन्तर्गत बनेका नियमहरुसँग नबाझिने गरी उप-नियम बनाउने । तर त्यस्तो उप-नियम प्रदेश समितिको सिफारीसमा केन्द्रीय समितिबाट अनुमोदन भए पश्चात् मात्र लागू हुनेछ ।

(छ) शैक्षिक संस्थामा अध्ययनरत/जिल्लामा/विभागमा कार्यरत विभिन्न पेशागत संगठनहरु बिच आपसी समझदारी कायम गरी संगठनको सुदृढीकरण र विस्तारका लागि सदा लागिरहने तथा संयुक्त कार्यक्रम गर्ने, गराउने ।

(ज) सदस्यहरुको पेशागत दक्षता, क्षमता अभिवृद्धि गर्न समय समयमा तालिम, सेमिनार, कार्यशाला, गोष्ठी आदि सञ्चालन गर्ने, गराउने ।

(झ) प्रत्येक वर्ष लेखा परिक्षण गराई केन्द्रमा जानकारी पठाउने ।

(ञ ) लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

**दफा ५.८ जिल्ला/विभागिय सम्मेलनको काम, कर्तव्य र अधिकार :**

(क) जिल्ला/विभागिय समितिले गरेका सम्पूर्ण कार्यहरुको लेखाजोखा गर्ने, आगामी कार्यक्रमहरु तर्जुमा गरी पारित गर्ने ।

(ख) जिल्ला/विभागिय समितिका पदाधिकारीहरुको चयन गर्ने ।

(ग) जिल्ला/विभागिय समितिले पेश गरेको आय-व्यय विवरण उपर छलफल गरी अनुमोदन गर्ने ।

(घ) जिल्ला/विभागिय सम्मेलन प्रत्येक ३/३ वर्षमा जिल्ला/विभागिय समितिले गर्नेछ ।

(ङ) प्रदेश समिति र केन्द्रीय समितिवाट भए गरेका कामको समिक्षा गर्ने र राय सुझाव प्रदान गर्ने ।

(च) डिन, सदस्य सुरक्षा कोष लाई व्यवस्थित र सुदृढ वनाउन क्रियाशिल रहने ।

**दफा ५.९ प्रदेश समितिको गठन :**

(क) सम्वन्धित प्रदेशको केन्द्रीय उपाध्यक्षको संयोजन भुमिका रहनेछ ।

(ख) प्रदेश समन्वय समितिको आयोजनामा प्रदेश सभा गरी प्रदेश समितिको गठन हुनेछ ।

(ग) प्रदेश समिति निम्नानुसार गठन हुनेछ :

प्रत्येक ३/३ वर्षमा हुने प्रदेश सभामा उपस्थित मतदानमा भाग लिन पाउने सदस्यहरुले आफू मध्येबाट २१ सदस्यीय प्रदेश समितिको निर्वाचन हुनेछ । समितिमा निम्नानुसार पदाधिकारी र सदस्यहरु रहनेछन् ।

| | | |
|---|---|---|
| १) अध्यक्षः- | १ | |
| २) उपाध्यक्षः- | २ | (१ महिला, १ खुला) |
| ३) महासचिवः- | १ | |
| ४) सचिवः- | ३ | (१ महिला/समावेशी, २ खुला) |
| ५) कोषाध्यक्षः- | १ | |
| ६) कार्यकारीणी सदस्यः- | ११ | (४ महिला, २ समावेशी, ५ खुला) |
| ७) मनोनित सदस्यः- | २ | (१ महिला सहित) |

कार्यकारिणी :

प्रदेश समितिमा ८ सदस्यीय कार्यकारिणी गठन गर्ने, जसमा अध्यक्ष १, उपाध्यक्ष २, महासचिव १, सचिव ३, कोषाध्यक्ष १, रहनेछन् ।

प्रदेश समितिको अध्यक्ष केन्द्रीय कार्यकारिणी सदस्य सरह हुनेछ ।

**दफा ५.९.१ प्रदेश समन्वय समितिः (पहिलो प्रदेश सभा गठन नहुँदा सम्मको लागी)**

| | |
|---|---|
| (क) सम्वन्धित क्षेत्रको केन्द्रीय उपाध्यक्ष- | अध्यक्ष |
| (ख) सम्वन्धीत प्रदेश भित्रका क्षेत्रीय समितिका अध्यक्ष- | सचिव |
| (ग) सम्वन्धीत प्रदेश भित्रका केन्द्रीय कार्यकारी सदस्य- | सदस्य |
| (घ) सम्वन्धीत प्रदेश भित्रका केन्द्रीय सदस्य (प्रदेश)- | सदस्य |
| (ङ) सम्वन्धीत प्रदेश भित्रका जिल्ला समितिका अध्यक्षहरु- | सदस्य |

(च) पहिलो प्रदेश सभाको अध्यक्षता सम्वन्धित क्षेत्रको केन्द्रीय उपाध्यक्ष वाट हुनेछ ।

(छ) आवश्यकता महसुस भएमा सदस्य मध्येवाट पदाधिकारीहरु मनोनयन गर्न सकिनेछ ।

**५.१० प्रदेश समितिको काम, कर्तव्य र अधिकार :**

(क) राष्ट्रिय सम्मेलन, केन्द्रीय सभा, केन्द्रीय समिति र प्रदेश सभा प्रति जिम्मेवार हुने ।

(ख) राष्ट्रिय सम्मेलन, केन्द्रीय सभा, केन्द्रीय समितिवाट भएका निर्णय प्रदेश भित्र कार्यान्वयन गर्ने, गराउने ।

(ग) प्रदेश सभावाट पारित निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(घ) शैक्षिक अध्ययन समिति, प्रारम्भीक/जिल्ला/विभागिय समितिलाई क्रियाशिल वनाउने र आवश्यक निर्देशन दिने ।

(ङ) शैक्षिक अध्ययन समिति, प्रारम्भीक /जिल्ला/विभागिय र केन्द्रीय समिति विच समन्वयकारी भुमिका निर्वाह गर्ने ।

(च) मातहतका समितिहरुलाई निर्देशन दिने तथा सदस्यहरुको हकहितको लागि कार्य गर्ने ।

(छ) वार्षिक कार्यक्रम तयार पारी जिल्ला/विभागिय समिति मार्फत कार्यान्वयन गर्ने, गराउने ।

(ज) समान उद्देश्य राख्ने संघ, संस्थासँग भाइचारा सम्वन्ध विस्तार गर्ने ।

(झ) प्रत्येक वर्षको लेखापरिक्षण गराउने ।

(ञ) प्रदेश सभामा लैजाने विषयहरुको निर्णय गर्ने ।

(ट) लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

ठ) डिन, सदस्य सुरक्षा कोष लाई व्यवस्थीत र सुदृढ वनाउन क्रियाशिल रहने

ड) प्रदेश भित्र संगठनको गतिविधीलाई व्यवस्थीत र सुदृढ वनाउन श्रृजनसिल एवं रचनात्मक कार्यहरु सञ्चालन गर्ने ।

**दफा ५.११ प्रदेश सभा गठन :**

प्रदेश सभामा निम्नानुसार प्रतिनिधित्व हुनेछ :

क) ३0 जना सम्म सदस्य रहेका जिल्ला/विभागिय समिति वाट अध्यक्ष, र कार्यकारी पदबाट २ जना (१ महिला सहित):- ३.0 जना

(ख) ३0 जना भन्दा बढी सदस्य रहेका जिल्ला/विभागिय समितिबाट प्रति १५ सदस्यबाट थप १ जनाका दरले चुनिएर आएका प्रतिनिधी

(ग) प्रदेश समितिका पदाधिकारीहरु सबै

(ग) जिल्ला/विभागिय समितिबाट १ जना प्रदेश सभाका पर्यवेक्षक हुन सक्नेछन ।

(घ) $1\frac{1}{2}$ (डेढ बर्ष) बर्षमा १ पटक प्रदेश सभा हुनेछ ।

(ङ) दोश्रो प्रदेश सभा ( ३ बर्षमा हुने) लाई प्रदेश अधिवेशनको रुपमा मानिनेछ ।

**दफा ५.१२ प्रदेश सभाको काम, कर्तव्य र अधिकार :**

(क) सम्वन्धित प्रदेश अर्न्तगतका प्रारम्भीक/जिल्ला/विभागीय समितिका गतिविधिहरुको समिक्षा गर्ने ।

(ख) प्रदेश भित्र संगठनको गतिविधी लाई व्यवस्थीत र सुदृढ वनाउन भावी कार्यक्रमहरु तयारी गर्ने र कार्ययोजना तयार गर्ने ।

(ग) प्रदेशको वार्षिक प्रतिवेदन तयार गर्ने ।

(घ) प्रारम्भीक/जिल्ला/विभागिय समितिकाको साथै केन्द्रीय समितिलाई राय सल्लाह र सुझाव प्रदान गर्ने ।

(ङ) अन्य समसामयिक विषयमा निर्णय गर्ने र कार्यान्वयन गर्ने ।

**दफा ५.१३ केन्द्रीय समितिको गठन :**

(क) प्रत्येक ३/३ वर्षमा हुने राष्ट्रिय सम्मेलनमा उपस्थित मतदानमा भाग लिन पाउने सदस्यहरुले आफू मध्येबाट ३५ सदस्यीय केन्द्रीय समितिको निर्वाचन हुनेछ । केन्द्रीय समितिमा निम्नानुसार पदाधिकारी र सदस्यहरु रहनेछन् ।

| | |
|---|---|
| १) अध्यक्षः- | १ |
| २) सह-अध्यक्षः- | २ |
| ३) उपाध्यक्षः- | ८ (७ प्रदेश, १ महिला) |
| ४) महा-सचिवः- | १ |
| ५) उप-महासचिवः- | १ |
| ६) सचिवः- | ३ ( १ महिला, २ खुला) |
| ७)कोषाध्यक्षः- | १ |
| ८)सह-कोषाध्यक्षः- | १ |
| ९)कार्यकारीणी सदस्यः- | ७ ( २ महिला, १ समावेसी, ४ खुला) |
| १०)सदस्यः- | ७ (प्रत्येक प्रदेश वाट १/१ जना ) |
| ११) मनोनित सदस्यः- | ३ (१ महिला सहित) |

ख) उपमहासचिब र सहकोषाध्यक्ष पद केन्द्रीय समितिद्धारा मनोनित गरिनेछ ।

कार्यकारिणी :

केन्द्रीय समितिमा २५ सदस्यीय कार्यकारिणी गठन गर्ने, जसमा अध्यक्ष १, सह-अध्यक्ष २, उपाध्यक्ष ८, महासचिव १, उप-महासचिव १, सचिव ३, कोषाध्यक्ष १, सह-कोषाध्यक्ष १ र कार्यकारिणी सदस्य ७ रहनेछन् ।

**दफा ५.१४ केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार :**

(क) केन्द्रीय समिति केन्द्रीय सभा, राष्ट्रिय सम्मेलन प्रति जिम्मेवार हुनेछ ।

(ख) राष्ट्रिय सम्मेलनद्वारा पारित प्रस्तावहरु कार्यान्वयन गर्ने, गराउने तथा केन्द्रीय सभाको निर्णयलाई कार्यान्वयन गराउने ।

(ग) मातहतका समितिहरुलाई निर्देशन दिने तथा सदस्यहरुको हकहितको लागि कार्य गर्ने ।

(घ) प्रत्येक वर्ष केन्द्रीय समितिबाट भएको आय-व्ययको विवरण मातहतका समितिहरुमा पठाउने ।

(ङ) विधानमा कुनै कुरा अस्पष्ट देखिएमा निर्णय गरी स्पष्टता ल्याउने ।

(च) विधान विपरीत कार्य गर्ने कुनै पनि सदस्य उपर अनुशासन समितिको सिफारीसमा कार्यवाही गर्न सक्नेछ । तर सम्बन्धित सदस्यलाई सफाईको लागि उचित मौका दिईनेछ

(छ) एशोसिएसनको विस्तार तथा सुदृढीकरणको कार्यमा गहन योगदान दिएका सदस्यहरु मध्येबाट केन्द्रीय समितिले बढीमा ९ जना सम्म सदस्यहरुलाई राष्ट्रिय सम्मेलनमा प्रतिनिधिको रुपमा मनोनित गर्ने ।

(ज) वार्षिक कार्यक्रम तयार पारी प्रारम्भीक/जिल्ला/विभागिय र प्रदेश समितिहरु मार्फत कार्यान्वयन गर्ने, गराउने ।

(झ) एशोसिएसनको विस्तार सुदृढीकरणको लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ञ) समान उद्देश्य राख्ने संघ, संस्थासँग भाइचारा सम्बन्ध विस्तार गर्ने ।

(ट) जिल्ला/विभागिय/प्रदेश समितिबाट अनुमोदनको लागि पठाएको उप-नियमहरुलाई छलफल गरी संशोधन सहित अनुमोदन गर्ने ।

(ठ) ९ सदस्यीय केन्द्रीय सल्लाहकारहरुको मनोनयन गर्ने । निवर्तमान केन्द्रीय अध्यक्ष स्वतः सल्लाहकारमा रहने छन् ।

(ड) केन्द्रीय सल्लाहकारहरुको बैठक कम्तीमा बर्षको १ पटक राख्ने र संस्थालाई गतीशिल वनाउन राय, सल्लाह र सुझाब लिई कार्यान्वयन गर्ने ।

(ढ) लेखा समिति लाई क्रियाशिल वनाउने ।

(ण) लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने र लेखापरिक्षण गराउने ।

(त) निर्वाचन समितिलाई क्रियासिल वनाई केन्द्र र प्रदेश स्तरमा हुने निर्वाचनहरुलाई व्यवस्थीत तरीकाले सम्पन्न गर्न आवस्यक सहयोग गर्ने ।

थ) डिन, सदस्य सुरक्षा कोष लाई व्यवस्थीत र सुदृढ वनाउन क्रियाशिल रहने ।

द) एशोसिएसनको गतिविधी लाई थप व्यवस्थीत र क्रियाशील वनाउन आवश्यकता अनुसार विभागहरु गठन गरी जिम्मेवारी दिने ।

**दफा ५.१५ केन्द्रीय सभाः**

(क) निम्न अनुसारको प्रतिनिधित्व भएको एक केन्द्रीय सभामा हुनेछ :

१) केन्द्रीय समितिका सबै पदाधिकारीहरु र सदस्यहरु,

२) केन्द्रीय सल्लाहकारहरु

३) केन्द्रीय लेखा समिति, अनुशासन समिति र निर्वाचन समितिका पदाधिकारी एवं सदस्यहरु

४) प्रदेश समितिको अध्यक्ष सहित ५ जना (१ महिला अनिर्वाय)

५) प्रदेश सभावाट चुनिएका ३ जना

६) प्रत्येक जिल्ला/विभागिय समितिको अध्यक्ष १ जना

७) केन्द्रीय सभामा प्रविधिक समितिका पदाधिकारी र सदस्यहरु पर्यवेक्षकका रुपमा रहने छन ।

**दफा ५.१६ केन्द्रीय सभाको काम, कर्तव्य र अधिकारः**

(क) एशोसिएसनको केन्द्रीय सभा $1\frac{1}{2}$ वर्ष (डेढ वर्षमा) १ पटक हुनेछ ।

(ख) केन्द्रीय सभामा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गर्नु पर्नेछ ।

(ग) केन्द्रीय सभामा भएको काम कारवाहीको विषयमा छुट्टै किताबमा माइन्युट राख्ने ।

(घ) केन्द्रीय सभामा भएको निर्णयहरुको जानकारी सभाका सदस्यहरुलाई र मातहतका समितिलाई दिने ।

(ङ) केन्द्रीय सभा राष्ट्रिय सम्मेलन पछिको सर्वोच्च निकाय हुनेछ । केन्द्रीय सभाको निर्णय केन्द्रीय समिति र सो अन्तर्गतका सभा, समिति र सदस्यहरुले पालना गर्नु पर्नेछ

(च) एशोसिएसनको केन्द्रीय सभामा देहायका विषयहरु पेश गरिने छन् ।

१. एशोसिएसनको सांगठानीक र आर्थिक प्रतिवेदन

२. एशोसिएसनको वार्षिक कार्यक्रम

३. एशोसिएसनको वार्षिक बजेट

४. विधान संशोधन

५. विविध समसामयिक विषयहरु

(छ) जिल्ला/विभागिय समिति, प्रदेश र केन्द्रीय समितिले गरेका काम कारवाहीको समिक्षा र राष्ट्रिय सम्मेलन सम्मको लागी कार्यक्रमको तर्जुमा गर्ने ।

(ज) केन्द्रिय समिति केन्द्रीय सभा प्रती पुर्ण उत्तरदायी हुनेछ ।

**दफा ५.१७ राष्ट्रिय सम्मेलनः**

(क) एशोसिएसनको सर्वोच्च नेतृत्वदायी अंग राष्ट्रिय सम्मेलन हुनेछ ।

(ख) राष्ट्रिय सम्मेलन प्रत्येक ३/३ वर्षमा केन्द्रीय समितिले आयोजना गर्नेछ ।

**दफा ५.१८ राष्ट्रिय सम्मेलनको काम, कर्तव्य र अधिकार :**

(क) अघिल्लो राष्ट्रिय सम्मेलनबाट निर्वाचित केन्द्रीय समिति, केन्द्रीय सभाले गरेका कामहरुको लेखाजोखा गरी पारित गर्ने ।

(ख) केन्द्रीय सभा तथा केन्द्रीय समितिबाट निर्णय गरी पेश गरेका प्रस्तावहरु उपर छलफल गरी पारित गर्ने ।

(ग) एशोसिएसनको भावी योजना तर्जुमा गर्ने ।

(घ) केन्द्रीय समितिको निर्वाचन गर्ने र पदस्थापना गर्ने ।

(ङ) केन्द्रीय समितिबाट पारित आय-व्यय विवरण उपर छलफल गरी अनुमोदन गर्ने ।

(च) विधान संशोधन गर्ने ।

सवै समितिहरुमा समानुपातिक प्रतिनिधित्वको लागि अधिकतम प्रयास हुनेछ र सवै पदाधिकारीहरुले अनुसूची ३ को दफा १४ अनुसार सपथ ग्रहण गर्नुपर्नेछ ।

## परिच्छेद - ६

**दफा ६.१ सम्मेलन सभा र बैठक :**

(क) सामान्यतया प्रत्येक ३ वर्षमा एक पटक एशोसिएसनको राष्ट्रिय सम्मेलन हुनेछ र जिल्ला/विभागिय/प्रदेश सम्मेलन ३ वर्षमा हुनेछ । खास अवस्थामा र सम्मेलनबाट गठित समितिको २/३ (दुई तिहाई) सदस्यहरुले लिखित माग गरेमा आ-आफ्नो स्तरको सम्मेलन समय भन्दा अघि पनि गर्न सकिनेछ । वर्षको एक पटक जिल्ला/विभागिय/प्रदेश सभा गर्नु पर्नेछ ।

(ख) बहुसंख्यक जिल्ला/विभागिय/प्रदेश समिति वा केन्द्रीय समितिका २/३ (दुई तिहाई) सदस्यहरुले माग गरेमा केन्द्रीय अध्यक्ष वा कार्यकारिणीले माग गरेको ३ महिनाभित्र राष्ट्रिय सम्मेलन बोलाउनु पर्नेछ । सो नभएमा सम्पूर्ण जिल्ला/विभागिय/प्रदेश समितिहरु मध्ये २/३ (दुइ तिहाई) जिल्ला/विभागिय/प्रदेश समितिको प्रतिनिधिहरुले केन्द्रीय समितिलाई जानकारी दिई राष्ट्रिय सम्मेलन आयोजक समिति बनाई आफूले राष्ट्रिय सम्मेलन बोलाउन सक्नेछ ।

(ग) राष्ट्रिय सम्मेलनको बन्द सत्रमा निम्न प्रतिनिधिहरुले मात्र मतदानमा भाग लिन पाउने छन् ।

१) केन्द्रीय समितिका सबै पदाधिकारी तथा सदस्यहरु

२) केन्द्रीय सल्लाहकारहरु

३) लेखा समितिका पदाधिकारी तथा सदस्यहरु

४) अनुशासन समितिका पदाधिकारी तथा सदस्यहरु

५) निर्वाचन समितिका पदाधिकारी तथा सदस्यहरु

६) प्रदेश सभावाट चयन भएका ३ जना प्रतिनिधीहरु (१ महिला)

७) प्रदेश समितिवाट ५ जना प्रतिनिधीहरु (१ महिला)

८) जिल्ला/विभागिय समितिबाट सदस्य संख्याको आधारमा राष्ट्रिय सम्मेलनमा पठाईएका प्रतिनिधिहरु

३० जना सम्म सदस्य भएको जिल्ला/विभागबाट ३ जना,

३१-४५ जना सम्म सदस्य भएको जिल्ला/विभागबाट ४ जना,

४६-६० जना सम्म सदस्य भएको जिल्ला/विभागबाट ५ जना,

६१-७५ जना सम्म सदस्य भएको जिल्ला/विभागबाट ६ जना,

७६-९० जना सम्म सदस्य भएको जिल्ला/विभागबाट ७ जना,

९० जना भन्दा बढी सदस्य भएको जिल्ला/विभागबाट ८ जना

९) मानार्थ सदस्यहरु

१०) केन्द्रीय समितिले मनोनयन गरी राष्ट्रिय सम्मेलनमा भाग लिन पठाएका ९ (नौ) जना प्रतिनिधिहरु

(घ) राष्ट्रिय सम्मेलनको बन्द सत्रमा निम्न पर्यवेक्षकहरुले मात्र भाग लिन पाउने छन् :-

१) प्रत्येक जिल्ला/विभागिय/प्रदेश समितिबाट १/१ जना

२) पूर्व केन्द्रीय पदाधिकारीहरु

३) प्राविधीक समितिका पदाधिकारी तथा सदस्यहरु

(महिला कार्य समितिमा रहेको विभागीय/जिल्ला/प्रदेश समितिवाट अनिवार्य रुपमा महिलाको प्रतिनिधीत्व हुनुपर्नेछ)

**दफा ६.२ बैठक :**

(क) केन्द्रीय सभा

केन्द्रीय सभा $1\frac{1}{2}$ वर्ष (डेढ वर्षमा) एक पटक, केन्द्रीय समितिको बैठक प्रत्येक ६ महिनामा र कार्यकारिणीको बैठक प्रत्येक २ महिनामा एक पटक वस्नेछ ।

(ख) शैक्षिक अध्ययन समिति/प्रारम्भीक समिति, जिल्ला/विभागिय समितिको बैठक महिनामा १ पटक र प्रदेश समितिको बैठक ३ महिनामा १ पटक हुनेछ ।

(ग) विशेष परिस्थितिमा जुनसुकै समयमा पनि बैठक बोलाउन सकिनेछ ।

**दफा ६.३ निम्न अवस्थामा सम्बन्धित समितिका अध्यक्षले १ महिनाभित्र बैठक बोलाउनु पर्नेछ :**

(क) स्पष्ट कारण सहित सम्बन्धित समितिको १/३ (एक तिहाई) सदस्यहरुले लिखित निवेदन दिएमा ।

(ख) सम्बन्धित समितिले निर्णय गरेमा ।

(ग)    केन्द्रीय समिति बाहेक अन्यको हकमा माथिल्लो समितिबाट निर्देशन आएमा ।

## परिच्छेद - ७

**दफा ७.१  अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क)    बैठकको अध्यक्षता गर्ने र बराबर मत आएमा निर्णायक मत दिने ।

(ख)    एशोसिएसनको सम्पूर्ण कार्यको रेखदेख गर्ने ।

(ग)    केन्द्रीय/प्रादेशिक समितिमा महासचिव र जिल्ला/विभागिय समितिमा सचिवको सल्लाह लिएर बैठकबाट अनुमोदन गर्ने गरी केन्द्रीय/प्रादेशिक समितिका अध्यक्षले रु.१५००।-, अध्यक्षले रु.१०००।- र जिल्ला/विभागिय समितिका अध्यक्षले रु. ५००।- सम्म खर्च गर्न पाउने छन ।

(घ)    जिल्ला समितिमा सचिव र कोषाध्यक्ष लिखित कारण सहित अनुपस्थित रहेमा कुनै पनि सदस्य मार्फत अस्थायी रुपमा निजहरुले गर्ने कार्य गराउने ।

**दफा ७.२  सह-अध्यक्ष तथा प्रदेश/जिल्ला/विभागिय उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क)    अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

(ख)    अध्यक्षको काममा आवश्यक सहयोग गर्ने ।

(ग)    केही समयलाई अध्यक्ष अनुपस्थित रहने भएमा अध्यक्षको कार्य गर्ने ।

(घ)    अध्यक्ष पद कारणवश रिक्त हुन गएमा कार्यबाहक अध्यक्षको रुपमा काम गर्ने ।

***(अध्यक्षको अनुपस्थितीमा केन्द्रीय समितिमा सह-अध्यक्ष (सिनियर) ले कार्यबाहक अध्यक्षको जिम्मेवारी वहन गर्ने र अन्य कार्यविधी केन्द्रीय समितिले विनियम वनाई लागु गर्ने ।)***

**दफा ७.३ केन्द्रीय उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क)    केन्द्र र प्रदेश विचको समन्वयकारी भुमिका निर्बाह गर्ने ।

(ख)    राष्ट्रिय सम्मेलन, केन्द्रीय सभा, केन्द्रीय समिति र प्रदेश सभा वाट भएका निर्णय कार्यान्वयन गर्ने ।

(महिला उपाध्यक्षले महीला विभागको नेतृत्वदायी भूमीका निर्वाह गर्ने र केन्द्रीय समितिले तोके वमोजीमको सांगठानीक कार्यहरु गर्ने।)

(घ)    केन्द्रीय समितिको बैठकमा प्रदेशगत प्रगति प्रतिवेदन पेश गर्ने ।

(ङ)    जिल्ला समितिको गठन, रिक्त पदको पदपुर्तीको व्यवस्था मिलाउने ।

(च) प्रदेश सभा नहुँदा सम्म वैठकको अध्यक्षता गर्ने ।

(ग) प्रदेश कार्यालयको सञ्चालन एवं व्यवस्थापनमा सहयोग गर्ने ।

**दफा ७.४ महासचिव/जिल्ला,विभागिय सचिवको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको राय सल्लाहले बैठक बोलाउने ।

(ख) समितिको दैनिक कार्य सञ्चालन गर्ने ।

(ग) एशोसिएसनको सम्पूर्ण लेखापढी र आवश्यक प्रतिवेदन तयार पार्ने ।

(घ) एशोसिएसनको सम्पूर्ण कागजात, चल-अचल सम्पत्तिको हिफाजत गर्ने ।

(ङ) बैठकको निर्णय गोप्य र सुरक्षित राख्ने साथै पारित निर्णय लागू गराउन प्रयत्नशील रहने ।

(च) एशोसिएसनलाई आर्थिक रुपले सवल बनाउन विविध योजना तर्जुमा गरी समितिको अनुमति लिई लागू गर्ने ।

(छ) एशोसिएसनको कार्यको लागि पछि अनुमोदन गर्ने गरी बढीमा रु.१०००।- सम्म खर्च गर्ने ।

(ज) केन्द्रमा अध्यक्ष र सह-अध्यक्ष, विभाग /जिल्लामा अध्यक्ष र उपाध्यक्षको पद रिक्त रहन गएमा केन्द्रीय समिति/विभाग, जिल्ला समितिको आपतकालीन बैठक बोलाउने ।

**७.४.१ उप-महासचिवको काम, कर्तव्य र अधिकार**

(क) महासचिवको कामलाई सहयोग गर्ने ।

(ख) केन्द्रीय समितिका कार्यालयमा नियमित रुपमा रहि दैनिक कार्य सञ्चालन गर्ने ।

(ग) एशोसिएसनको लेखापढी र आवश्यक प्रतिवेदन तयार पार्न सहयोग गर्ने ।

(घ) एशोसिएसनको कागजात, चल-अचल सम्पत्तिको हिफाजत गर्ने ।

(ङ) बैठकको निर्णय लागू गराउन प्रयत्नशील रहन र महासचिव लाई सहयोग गर्ने ।

(ज) महासचिवको पद रिक्त रहन गएमा महासचिवको कार्य गर्ने

ञ) एशोसिएसनको केन्द्र, प्रदेश/ जिल्ला/विभागिय स्तरमा जग्गा व्यवस्थापन, भवन निर्माण लगायत भौतिक सुविधा विस्तारका लागि कार्यक्रम र कार्ययोजना वनाई कार्यन्वयन गर्ने ।

**दफा ७.५ केन्द्रीय समितिका सचिवको काम, कर्तव्य र अधिकार :**

**दफा ७.५.१ सचिव -संगठन**

(क) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने काम गर्ने ।

(ख) एशोसिएसनको संगठन सुदृढिकरणमा पहल गर्ने ।

(ग) सदस्यता अभिवृद्धि र अध्यावधिमा जोड दिने । (अन्य कार्य विधि केन्द्रीय समितिले तय गरे अनुसार हुनेछ ।

(घ) संस्थागत विकासको लागि केन्द्र, प्रदेश र जिल्ला/विभागीय स्तरमा तालिम, सेमिनार, कार्यशाला गोष्ठी लगायत अतिरिक्त क्रियाकलापका कार्यहरु कार्ययोजना वनाई कार्यन्वयन गर्ने ।

**दफा ७.५.२ सचिव - विदेश**

(क) संस्थागत विकासको लागि विदेशी संघ/संगठनहरुसँग सम्पर्क र समन्वय गर्ने ।

(ख) विदेशसँग सम्वन्धित आवश्यक काम गर्ने । (अन्य कार्य विधि केन्द्रीय समितिले तय गरे अनुसार हुनेछ ।

(ग) डिनको सदस्य भई विदेशमा रोजगारीको सिलसिलामा कार्यरत सदस्यहरुको समस्या समाधानको लागी प्रयत्नसिल रहने ।

**दफा ७.५.३ सचिव - प्रकाशन तथा प्रचार प्रसार**

(क) एशोसिएसनको गतिविधिको नियमित रुपमा प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

ख) एशोसिएशनका गतिविधीलाई सवै निकायहरुमा पत्राचार गर्ने ।

ग) एशोसिएशनका गतिविधीलाई प्रचार प्रसार गर्न गर्नु पर्ने कार्यहरु गर्ने ।

**दफा ७.६ जिल्ला/विभागिय समितिका सहसचिवको काम, कर्तव्य र अधिकार :**

(क) सचिवको काममा आवश्यक सहयोग गर्ने तथा सचिवको अनुपस्थितीमा सचिवले गर्ने सम्पूर्ण कार्य गर्ने ।

**दफा ७.७ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) आम्दानी खर्चको फाँटवारी राख्ने ।

(ख) अध्यक्षको निर्देशन अनुसार बजेट तयार पारी बैठकमा पेश गर्ने ।

(ग) एशोसिएसनको सम्पूर्ण आय-व्यय विवरण तयार पारी पारित गराउने, सम्बन्धित सभा र सम्मेलनमा पेश गर्ने ।

(घ) एशोसिएसनको आर्थिक उन्नतीको लागी कार्ययोजना वनाई केन्द्रीय समितिमा पेश गर्ने र कार्यन्वयन गर्ने ।

(ङ) लेखा परिक्षण समितिलाई आर्थिक विवरणहरु उपलव्ध गराउने ।

(च) लेखा परिक्षण गराउने र प्रतीवेदन सम्वन्धित निकायमा पठाउने ।

**दफा ७.८ सह-कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) कोषाध्यक्षको काममा आवश्यक सहयोग गर्ने तथा केन्द्रीय समिति बाहेक अन्य समितिमा परिच्छेद-७, दफा ७.६ अनुसार कोषाध्यक्षको अनुपस्थितिमा कोष सम्हाल्ने ।

**दफा ७.९ समितिको सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

(क) समितिको बैठकमा भाग लिने ।

(ख) समितिको निर्णय पालन र कार्यान्वयन गर्ने ।

(ग) मातहतका जिल्ला/विभागहरुमा भ्रमण गरी केन्द्रीय समितिको निर्णयहरु कार्यान्वयन गराउने र प्रतिवेदन पेश गर्ने ।

**दफा ७.१० साधारण सदस्यको काम, कर्तव्य र अधिकार :**

(क) सम्बन्धित सभा, सम्मेलनमा भाग लिने ।

(ख) समितिको निर्णय पालना गर्ने तथा कार्यान्वयन गर्ने ।

(ग) निर्वाचनमा मत दिने वा आफै उम्मेदवार बन्न सक्नेछन् । तर केन्द्रीय समितिको हकमा परिच्छेद-९ को दफा ९.५ अनुसार हुनेछ ।

**दफा ७.११ आजीवन सदस्यको काम, कर्तव्य र अधिकार :**

(क) आजीवन सदस्यको काम, कर्तव्य र अधिकार साधारण सदस्यको काम, कर्तव्य र अधिकार सरह हुनेछ ।

**दफा ७.१२ मानार्थ सदस्यको काम कर्तव्य र अधिकार :**

(क) सम्वन्धित सभा सम्मेलनमा भाग लिने ।

(ख) संस्थागत विकासमा सहयोग गर्ने ।

(ग) संस्थामा आवद्ध सदस्यहरुको विकासको लागि ल्याउने कार्यक्रममा आर्थिक, भौतिक र नैतिक रुपमा सहयोग गर्ने ।

## परिच्छेद - ८

**दफा ८.१ राजीनामा, अविश्वास, निलम्बन र स्वतः खारेजी :**

(क) राजीनामा दिई स्वीकृत भएमा वा अविश्वासको प्रस्ताव पारित भएमा सदस्यता खारेज हुनेछ ।

**दफा ८.२ राजीनामा :**

(क) सम्बन्धित अध्यक्षको नाममा दिनुपर्नेछ ।

(ख) कारण स्पष्ट भएको हुनु पर्नेछ ।

(ग) अध्यक्षले दिनु परेमा समितिका नाममा दिनु पर्नेछ ।

(घ) सदस्यहरुको अध्यक्षले र अध्यक्षको समितिले स्वीकृत गर्नेछ ।

**दफा ८.३ अविश्वास :**

(क) अविश्वासको प्रस्ताव सम्बन्धित समितिका १/३ सदस्य संख्याबाट ल्याउन सकिनेछ ।

(ख) अविश्वासको लागि कारण स्पष्ट खुलेको र आधारयुक्त हुनु पर्नेछ ।

(ग) अविश्वासको प्रस्ताव सम्बन्धित समितिको २/३ बहुमतले स्वीकृत गर्न सक्नेछ । केन्द्रीय समितिभन्दा तल्ला समितिको केन्द्रीय समितिबाट अनुमोदन भएपछि र केन्द्रीय समितिको हकमा केन्द्रीय सभा/राष्ट्रिय सम्मेलनले अनुमोदन गरेपछि मात्र लागू हुनेछ ।

(घ) जुन पदाधिकारी वा सदस्य उपर अविश्वासको प्रस्ताव आएको छ, त्यस्तो पदाधिकारी वा सदस्यलाई सफाईको उचित मौका प्रदान गर्नु पर्नेछ ।

**दफा ८.४ स्वतः खारेजी :**

(क) लिखित जानकारी बिना लगातार ३ (तीन) पटक बैठकमा अनुपस्थित रहेमा स्वतः पदाधिकारी वा सदस्यको पद खारेजी हुनेछ ।

**दफा ८.५ पदपूर्ति :**

क) केन्द्रीय समितिको अध्यक्षको पद रिक्त भएमा बरिष्ठताको आधारमा सह-अध्यक्षले कार्यबाहक भई अध्यक्षको कार्य गर्ने छन् । महासचिवको पद रिक्त भएमा उप-महासचिवले र कोषाध्यक्षको पद रिक्त भएमा सह-कोषाध्यक्षले महासचिव र कोषाध्यक्षको कार्य गर्नेछन् ।

केन्द्रीय उपाध्यक्ष पद रिक्त भएमा केन्द्रीय समितिले सम्वन्धित प्रदेशवाट प्रतिनिधीत्व गर्ने एकजना केन्द्रीय सदस्यलाई कार्यवाहक उपाध्यक्षको जिम्मेवारी दिईनेछ । शैक्षीक अध्ययन समिति/प्रारम्भीक/ जिल्ला/विभागिय/प्रदेश समितिको हकमा अध्यक्ष पद रिक्त भएमा उपाध्यक्षले, महासचिव/सचिव पद रिक्त भएमा सचिव/सह-सचिवले कार्यबाहक भई क्रमशः रिक्त अध्यक्ष महासचिव र सचिवको कार्य गर्नेछन् । सो बाहेक अन्य पद रिक्त भएमा सम्वन्धीत समितिको बैठकले समितिका सदस्यहरु मध्येबाट रिक्त पदको कार्य गर्न तोक्न सक्नेछ । प्रारम्भिक समितिको हकमा जिल्ला समितिको जस्तै हुनेछ ।

(ख) जिल्ला समिति र विभागिय समितिको हकमा ५० प्रतिशत भन्दा वढी पद रिक्त भएमा प्रदेश समितिको स्विकृती लिई ३ महिना भित्र विशेष अधिवेशन गरी नयाँ समिति गठन गर्नु पर्नेछ ।

## परिच्छेद - ९

### निर्वाचन कार्य विधि

**दफा ९.१** केन्द्रीय समितिबाट मनोनित ३ सदस्यीय निर्वाचन समितिबाट हुनेछ ।

**दफा ९.२** निर्वाचन सम्बन्धि सम्पूर्ण कार्यमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

**दफा ९.३** निर्वाचन सम्बन्धि उपनियमहरु विधान तथा नियमसंग नबाझिने गरी निर्माण गर्न सक्नेछ ।

**दफा ९.४** निर्वाचन समितिको कार्य अवधि राष्ट्रिय सम्मेलन सम्म हुनेछ ।

**दफा ९.५ उम्मेदवार :**

(क) केन्द्रीय समिति बाहेकको समितिमा सम्बन्धित शैक्षिक संस्थामा/ जिल्लामा/ विभागमा/कार्यालयमा रहेका सम्पूर्ण सदस्यहरु उम्मेदवार हुन सक्नेछन् । तर केन्द्रीय समितिको हकमा केन्द्रीय सदस्यमा उम्मेदवार हुन जिल्ला/विभागिय समितिमा कम्तीमा एक अवधि पदाधिकारी भई कार्य गरेको हुनु पर्नेछ

(ख) राष्ट्रिय सम्मेलनको प्रतिनिधि जिल्ला/विभागिय समितिका पदाधिकारी बाहेकका सदस्यलाई पनि सम्वन्धित समितिले निर्णय गरी पठाउन सकिनेछ ।

(ग) उम्मेदवार हुन कम्तीमा १/१ प्रस्तावक र समर्थक आवश्यक पर्नेछ ।

(घ) विभागिय/जिल्ला र केन्द्रीय समितिमा क्रमशः रु. १००।- र रु.२००।- उम्मेदवार शुल्क लाग्नेछ ।

(ङ)	केन्द्रीय उपाध्यक्ष र सदस्य (प्रदेश तर्फको) उमेद्वार हुन सम्वन्धित प्रदेश वाट प्रतिनिधित्व भई आएको हुनुपर्ने छ । निर्वाचन राष्ट्रिय सम्मेलन प्रतिनिधीहरुवाट हुनेछ ।

(चा)	केन्द्रीय सदस्य (प्रदेश) को निर्वाचन राष्ट्रिय सम्मेलन प्रतिनिधीहरुबाट हुनेछ ।

(छ)	केन्द्रीय अध्यक्ष, सहअध्यक्ष, उपाध्यक्ष, महासचिवको पदमा उमेद्वार हुन कम्तीमा १ कार्यकाल केन्द्रीय समितिको कार्यकारी पदमा काम गरेको हुनु पर्नेछ । सचिव, कोषाध्यक्ष र सह-कोषाध्यक्षमा उमेद्वार हुन केन्द्रीय समितिमा कम्तीमा १ कार्यकाल काम गरेको हुनुपर्नेछ ।

(ज)	लेखा समिति, अनुशासन समिति र निर्वाचन समितिको संयोजक पदमा उमेद्वार हुन कम्तीमा १ कार्यकाल केन्द्रीय समितिको कार्यकारी पदमा काम गरेको हुनु पर्नेछ । सदस्यमा उमेद्वार हुन प्रदेश/विभागीय/जिल्ला समितिमा कम्तीमा १ कार्यकाल कार्यकारी पदमा काम गरेको हुनुपर्नेछ । समितिमा संयोजक र २ सदस्य( १ महिला, १ खुला) रहनेछ ।

झ)	केन्द्रीय उपाध्यक्ष (प्रदेश/महिला) को उमेद्वारी नपरेमा सोही क्षेत्रबाट प्रतिनिधित्व गर्ने पूर्व केन्द्रीय सदस्यहरु मध्येबाट र केन्द्रीय सदस्य (प्रदेश) को उमेद्वारी नपरेमा सम्बन्धित प्रदेशका योग्यता पुगेका व्यक्तिहरुबाट केन्द्रीय समितिले मनोनित गरी पद पुर्ति गर्नेछ । मनोनित गर्ने कुनै पनि पदमा केन्द्रीय समितिको निर्णय अनुसार हुनेछ ।

ञ)	कुनै पनि समावेशी पदमा उमेद्वारी नपरेमा निर्वाचन समितिले खुलाबाट पदपुर्ति गर्ने गरी निर्वाचन प्रकृया अगाडी वढाउन वाधा पर्ने छैन ।

ट)	प्रदेश सभाको कार्यकारी पदमा रहेको व्यक्ति केन्द्रीय समितिको सचिव, कोषाध्यक्ष पदमा उमेद्वार हुन पाउनेछन ।

## परिच्छेद - १०

### एशोसिएसनको आर्थिक श्रोत

**दफा १०.१**	एशोसिएसनको कार्य सञ्चालन एवं व्यवस्थापनको लागी कोष हुनेछ । जसमा निम्न रकमहरु जम्मा गरिने छन् :

(क) सदस्यता शुल्क

(ख) सहयोग

(ग) एशोसिएसनबाट सञ्चालित विविध क्रियाकलापहरुबाट आउने रकम

(घ) अनुदान

(ङ)  अन्य विविध श्रोतबाट प्राप्त हुने रकम

(च)  विदेशी सहयोग लिंदा नेपाल सरकारको पूर्व स्वीकृति लिईनेछ ।

**दफा १०.२** केन्द्रीय समितिको हकमा अध्यक्ष एक र कोषाध्यक्ष तथा सह-कोषाध्यक्ष मध्ये कुनै एक गरी जम्मा दुईको नाममा संयुक्त खाता सञ्चालन हुनेछ । तर अन्य समितिको हकमा अध्यक्ष र उपाध्यक्ष मध्ये कुनै एक र कोषाध्यक्ष एक गरी २ जनाको नाममा संयुक्त खाता सञ्चालन हुनेछ ।

**दफा १०.३** कोषाध्यक्षले सामान्यतया रु.१०००।- भन्दा बढी नगद रकम मौज्दात राख्न पाउने छैन ।

**दफा १०.४** सबै जिल्ला/विभागिय समितिहरुले सदस्यता वितरण र नविकरणबाट भएको आम्दानी को ६०% प्रदेश समितिमा नियमित रुपमा पठाउनु पर्नेछ भने प्रदेश समितिले आम्दानीको ३०% केन्द्रमा पठाउनु पर्नेछ ।

**दफा १०.५** जिल्ला/विभागिय समितिको चल-अचल सम्पत्तिको नियमित लेखा परीक्षण गराई केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

**दफा १०.६** आर्थिक विवरण वार्षिक रुपमा प्रत्येक समितिले केन्द्रीय समितिमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

**दफा १०.७** एशोसिएशनका सदस्यको सुरक्षाको लागी अलग्गै सदस्य सुरक्षा कोष स्थापना हुनेछ । कोषको सञ्चालन कार्यविधी केन्द्रीय समितिले बनाई लागु गर्नेछ । कोषको परिचालन को लागी केन्द्रीय समितिको सह-अध्यक्षको संयोजकत्वमा रहेको ५ (पाँच) सदस्यिय समितिको रहने छ । जसमा निम्न सदस्य रहने छनः-

क) संयोजक    सह-अध्यक्ष

ख सदस्य    केन्द्रीय उपाध्यक्ष मध्येवाट १ जना

ग) सदस्य    केन्द्रीय सचिव मध्येवाट १ जना

घ) सदस्य    केन्द्रीय कोषाध्यक्ष

ङ) सदस्य    केन्द्रीय कार्यकारिणी सदस्य मध्येवाट १ जना

## परिच्छेद - ११

## विशेष कार्यक्रम

**दफा ११.१** एशोसिएसनको वार्षिकोत्सव कार्यक्रम प्रत्येक वर्ष ज्येष्ठ ११ गते सम्बन्धित समितिहरुले आफ्नो क्षेत्रमा विशेष कार्यक्रमका साथ प्राविधिक दिवसको रुपमा मनाउनु पर्नेछ ।

## परिच्छेद - १२

## विविध

**दफा १२.१** माथील्लो कुनै पनि पदमा उमेद्वारी दिई निर्वाचन प्रक्रियामा गएमा तल्लो पद स्वत रिक्त रहने छ ।

**दफा १२.२** विधान अन्तर्गत केन्द्रीय समितिले नियम बनाई लागू गर्न सक्नेछ ।

**दफा १२.३** कुनै एक जिल्लामा जिल्ला/विभागिय समितिमा बहाल रहेको व्यक्ति सोही अवधिमा अन्य जिल्ला/विभागिय समितिमा उम्मेदवार हुन पाउने छैन ।

**दफा १२.४** जिल्ला/विभागिय सम्मेलनमा अर्को जिल्ला/विभागियमा कार्यरत साधारण सदस्यहरु उपस्थित हुन पाउने छन् तर मतदानमा भाग लिन पाउने छैनन् ।

**दफा १२.५** विभागीय समितिको काम, कर्तव्य र अधिकार जिल्ला समिति वरावरको हुनेछ ।

**दफा १२.६** समितिले व्यक्ति सरह चल अचल सम्पति खरिद विक्री तथा भोग चलन गर्न पाउनेछ ।

**दफा १२.७** यस एशोसिएशनका सदस्यहरुको सुरक्षाको लागी कानुनी सल्लाहाकारको व्यवस्था हुनेछ ।

**दफा १२.८** यस एशोसिएशनका सदस्यहरुमा अनुशासन कायम गर्न एक अनुशासन समितिको व्यवस्था हुनेछ ।

**दफा १२.९** अनुशासन समिति र लेखा समितिको कार्यविधी निम्नानुसार हुनेछ :

**१२.९.१ अनुशासन समितिको कार्यविधी :**

क) एशोसिएसनको सदस्यहरुमा नैतिक आचरण, कर्तव्य निष्ठ र उद्धेश्य प्राप्तीको लागी क्रियासिल रहन गर्नु पर्ने कृयाकलापहरु तयार गरि सुझाव दिने ।

ख) संस्थागत अनुशासन कायम गर्न सुझाव दिने ।

ग) कुनै सदस्यलाइ कारवाही गर्नु पर्ने भए कारवाहीको प्रकृति सहित कारण खुलाइ केन्द्रीय समितिमा सिफारिस गर्ने ।

घ) विशेष योगदान पुर्‍याउने ब्यक्ती वा संस्थालाई पुरस्कृत गर्न सिफारिस गर्ने ।

ङ) प्रत्येक आर्थिक बर्षको अन्त्यमा कम्तीमा १ पटक प्रतिवेदन पेश गर्ने र  बर्षमा २ पटक समिक्षा गर्ने ।

च) राष्ट्रिय सम्मेलन प्रति उत्तरदायी हुने ।

**१२.९.२ लेखा समितिको कार्यविधी :**

क) एशोसिएसनको आर्थिक उन्नतिको कार्यक्रम/कार्ययोजना वनाई कार्यान्वयनको लागी सुझाव दिने ।

ख) प्रत्येक आर्थिक बर्षको अन्त्यमा आन्तरिक लेखापरिक्षण गरी प्रतिवेदन पेश गर्ने ।

ग) खर्चलाई मितव्ययी वनाउन सुझाव दिने ।

घ) बर्षमा कम्तीमा २ पटक आर्थिक गतिविधीको अनुगमन, विश्लेषण र समिक्षा गरी सुझाब दिने ।

ङ) श्रेष्ता व्यवस्थीत र आय/व्ययलाई पारदर्शी वनाउन सुझाब दिने ।

च) राष्ट्रिय सम्मेलन प्रति उत्तरदायी हुने ।

**दफा १२.१०** एशोसिएशनका गतिविधी सञ्चालनको लागी आवस्यकता अनुरुप सचिवालय गठन गर्न सकिनेछ । सचिवालयले गरेका निर्णयहरु कार्यकारी समिति/केन्द्रीय समितिवाट अनुमोदन गर्नेछ ।

**दफा १२.११** एशोसिएशनद्धारा प्राविधीक गतिविधी सञ्चालन गर्न, परार्मश लिन विभिन्न ईञ्जिनियरिङ्ग विद्याका विज्ञहरु समावेस गरी प्राविधीक समिति गठन गर्नेछ । प्रविधिक समितिको कार्यविधी निम्नानुसार हुनेछ :

क) एशोसिएसनले गर्नु पर्ने प्राविधीक क्रियाकलापहरुको आबस्यकता पहिचान गर्ने /कार्ययोजना बनाई कार्यान्वयनको लागी सुझाव दिने ।

ख) तालीम, गोष्ठी, सेमिनारको विषयवस्तु र पाठ्यक्रम तयार गर्ने ।

ग) तालीम, गोष्ठी, सेमिनार लाई प्रभावकारी वनाउन गर्नु पर्ने आवस्यम क्रियाकलाप गर्ने ।

घ) सार्क टेक्नोलोजी सेन्टरलाई प्रभावकारी वनाउन कार्यक्रम/कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सुझाव दिने/क्रियासिल रहने ।

ङ) बर्षको अन्तमा बार्षिक प्रतिवेदन सुझाब सहित पेश गर्ने ।

च) राष्ट्रिय सम्मेलन/केन्द्रय समिति प्रति उत्तरदायी हुने ।

**दफा १२.१२** एशोसिएशनको केन्द्र र प्रदेश स्तरीय निर्वाचनलाई व्यवस्थीत वनाउन संयोजक सहित ३ सदस्यीय निर्वाचन समिति राष्ट्रिय सम्मेलन वाट चयन हुनेछ । यस समितिले निर्वाचन सम्वन्धि सवै प्रक्रिया पुरा गर्ने गरी कार्यविधी तयार गरी केन्द्रीय समितिवाट अनुमोदन गराइ कार्यान्वयन गर्नेछ ।

**दफा १२.१३** एशोसिएशनको आफ्नो राष्ट्रिय गान हुनेछ । औपचारीक कार्यक्रमको सुरुमा राष्ट्रिय गान गाईनेछ । राष्ट्रिय गान अनुसुची ४ उल्लेख गरिएको छ ।

## परिच्छेद - १३

## विघटन

डिन केन्द्रीय समिति मातहतमा रहेका जिल्ला/विभागीय/प्रदेश समितिहरुले एशोसिएसनको हित विपरित कार्य गरेमा अनुशासन समितिको सिफारीसमा प्रक्रिया पुरा गरी केन्द्रीय समितिको दुई तिहाई वहुमतले विघटन गर्न सक्नेछ । यस अवस्थामा आयोजक समिति वनाई ३ महिना भित्र सम्मेलन गरी समिति चयन गरी सक्नु पर्नेछ ।

## विधान संशोधन

दफा १३.१ यस विधानलाई लागू गर्ने क्रममा संशोधन र परिमार्जन गर्नु परेमा केन्द्रीय समितिले तयार गरी केन्द्रीय/सभा, राष्ट्रिय सम्मेलनमा उपस्थित सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतद्वारा संशोधन गर्न सकिनेछ र सो को जानकारी सम्वन्धित निकायलाई दिनु पर्नेछ ।

दफा १३.२ (क) कारणवश संस्था विघटन भएमा यसको चल-अचल सम्पत्ति संस्था दर्ता ऐन अनुसार हुनेछ ।

(ख) यस विधानमा लेखिएका कुराहरु प्रचलित कानूनसँग बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन् ।

(ग) विधानमा केही अस्पष्ट भएमा थप स्पष्ट गर्ने अधिकार केन्द्रीय समितिलाई हुनेछ ।

## अनुसूची १

(परिच्छेद १ दफा १.४ (क) सँग सम्बन्धित)

द्रष्टव्य : डिप्लोमा इञ्जिनियर्स एशोसिएसन, नेपालको विशेष चिन्ह माथि देखाईए अनुसारको हुनेछ ।

## अनुसूची २

(परिच्छेद १ दफा १.४ (ख) सँग सम्बन्धित)

*द्रष्टव्य : डिप्लोमा इञ्जिनियर्स एशोसिएसन नेपालको प्रतीक ३:२ (लम्बाई:चौडाई) को अनुपातमा सेतो रङ्गको पृष्ठभूमिमा माथि देखाईए अनुसारको संयोजनमा यस एशोसिएसनको नाम सहितको विशेष चिन्ह अंकित भएको हुनेछ ।*

## अनुसुची-३

### शपथ ग्रहण

डिप्लोमा इञ्जिनियर्स एशोसिएसन, नेपाल (डिन) का प्रत्येक समितिका निर्वाचित पदाधिकारी तथा सदस्यहरुले अनुसूची ३ मा व्यवस्था भए बमोजिम शपथ लिनु पर्नेछ ।

डिप्लोमा इञ्जिनियर्स एशोसिएसन, नेपाल (डिन) को .................. सम्मेलनवाट म .....................समितिको ................ पदमा निर्वाचित/मनोनित भएकोले डिनका सदस्य एवं राष्ट्रको नाममा सपथ लिन्छु कि म आफ्नो पदिय जिम्मेवारी संस्थाको गोपनियता कायम राख्दै सक्रियताका एवं निष्ठाका साथ एशोसिएसनको उद्देश्य परिपुर्ती गर्न लगाउने छु ।

डिप्लोमा इञ्जिनियर्स एशोसिएसन, नेपाल – जिन्दावाद ।

## अनुसुची-४

## डिन, राष्ट्रिय गान

ईन्जिनियरिङ ज्ञान र सपि लिएर साथमा

विकास निर्माणको अभिभारा बोकेर काँधमा

तराई, पहाड, हिमालमा, सधैं हामी निर्माणमा

हामी विकासका अभियान्ता, हामी ईन्जिनियरिङ प्राबिधीक

कोरिएको नक्सालाई  बदल्दै आकारमा

योजनाको भाषा बोल्दै श्रामिक हरुको साथमा

जोखीम सबै आँफै मोल्दै निर्माणको जगमा

हामी विकासका अभियान्ता, हामी ईन्जिनियरिङ प्राबिधीक

विज्ञान र प्रविधि अनि विबेक हाम्रो आधारशिला

वातावरण स्वास्थ्य अनि सुरक्षा नै प्राथमिकता

दीक्षीत र अनुशासित पेशागत मर्यादा

हामी विकासका अभियान्ता, हामी ईन्जिनियरिङ प्राबिधीक

*"संशोधन गरी स्वीकृति प्राप्त गर्न पेश भएको यस विधानमा संस्था दर्ता रहेको जिल्ला बाहिर प्रचलित कानुनले व्यवस्था गरे अनुसार कार्य क्षेत्र विस्तार गर्दा सम्बन्धित स्थानीय अधिकारीको स्वीकृति लिएर मात्र गरिने ।"*